विषय कोड: ००६

**NEB - GRADE XII**

# अनिवार्य नेपाली

*विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

**समय: ३ घण्टा** **पूर्णाङ्क : १००**

उत्तीर्णाङ्क: ३५ (आंशिक परीक्षार्थीका लागि मात्र)

१. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : ५

(क) तलका वर्णहरूलाई **प्रयत्न** र **उच्चारण स्थान**का आधारमा चिनाउनुहोस् :

ज्, ध्, म्, य्, ह्।

(ख) तलका शब्दहरूको **अक्षरसंरचना** लेखी **अक्षरसङ्ख्या** समेत देखाउनुहोस्:

श्री, त्रिभुज, आज्ञाकारी, बटुवा, गुरुत्वाकर्षण ।

२. **शुद्ध** गरी **पुनर्लेखन** गर्नुहोस् : ५

मान्छेले किन फूल्को इर्ष्या गर्छ आफु फुलजस्तो शुन्दर जीन्दगी बाच्न किन खोज्दैन ? फूलजस्तै कोमल भइदिये मान्छे कति जाति हुन्थ्यो

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको **शब्दवर्ग पहिचान** गरी लेख्नुहोस् : ३

प्रकृतिको आफ्नै **नियम** छ । जनचाहना अनुरूप नयाँ नेपालको निर्माण निश्चय **हुने** छ । **कानुन**को पालना **र** अनुशासनले **नै** **हामी**लाई सुखी एवम् समृद्धिको यात्रामा अगि बढाउँछ ।

४. तलको अनुच्छेदबाट **दुई, दुईओटा तद्भव** र **आगन्तुक शब्दहरू** खोजी लेख्नुहोस् : २

राम्रो आम्दानी गरेर सुखी जीवन बिताउने सपना सबैको हुन्छ तथापि प्रशस्त पैसा कमाउनु, चाहिए जति सुन किन्नु, देश विदेशका सहरहरू घुम्नु, महलहरू बनाउनु र ऐस एवं आरामको जिन्दगी बिताउनु सबै मानिसका वशको कुरा होइन ।

५. कुनै **दुई** प्रश्नको उत्तर दिनुहोस् : २x३=६

(क) तल दिइएका **उपसर्ग** र **प्रत्यय** लगाई **एक एक शब्द** निर्माण गर्नुहोस् :

*उपसर्ग* : अन, निर, बे ।

*प्रत्यय* : ईन, याँइ, एलु ।

(ख) तलको अनुच्छेदबाट **तीन**ओटा समस्त शब्द र **तीन**ओटा द्वित्व व्युत्पन्न शब्द खोजी **समस्त शब्दलाई विग्रह** गर्नुहोस् र **द्वित्व व्युत्पन्न** शब्दको **निर्माण प्रक्रिया** देखाउनुहोस् :

अर्काका कुरासुरा काट्ने, कन्सुत्लो भैँ अरूका कुरा सुन्ने अनि वेफ्वाँकमा झैझगडामा उल्झने अनि साथीभाइसँग हरबखत ससाना कुरामा पनि कचकच गरिरहने पीताम्बर हिजोआज सबैतिरबाट उपेक्षित छ ।

**क्रमशः**

(ग) तलको अनुच्छेदबाट **छओटा सन्धियुक्त शब्द** पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :
सरकारले भव्यताका साथ उद्घाटन गरेको पर्यटन वर्ष विदेशी पर्यटकहरूलाई भित्र्याई राष्ट्र निर्माण गर्ने एउटा महत्त्वपूर्ण महोत्सव नै हो । यसलाई सफल तुल्याई आर्थिक समृद्धिका मार्गमा लम्कने अभियानलाई सबैले आआफ्ना क्षेत्रबाट सरसहयोग गर्नुपर्ने देखिन्छ । अझ बेरोजगार युवा युवतीले त कुनै राम्रो कामसाम गरेर आफ्नो भविष्यनिर्माणको योजना बनाउने अवसरका रूपमा यसलाई लिनुपर्ने देखिन्छ ।

६. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : ५

(क) तलका अनुच्छेदका वाक्यलाई **द्वितीय पुरुष**मा परिवर्तन गर्नुहोस् :
ऊ विज्ञान विषय पढ्दै छ । ऊ डाक्टर बन्न चाहन्छ । ऊ नियमित रूपमा विद्यालय जाने गरेको छ । ऊ पढाइ बाहेक अन्य कुरामा ध्यान दिँदैन । ऊ आफ्नो लक्ष्यमा अघि बढ्दै छ ।

(ख) तलको अनुच्छेदका वाक्यलाई **आज्ञार्थ**मा परिवर्तन गर्नुहोस् :
तपाईं समाज सेवामा समर्पित हुनुहुन्छ । तँ पनि राम्रै काम गर्लास् । तँ बरालिएर हिँड्दैनस् । तैँले आफ्नो क्षमता देखाउने छस् । तँ सत्मार्गमा लम्कने छस् ।

७. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : ६

(क) **ले, लाई, द्वारा, बाट, मा** र **देखि** विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग भएका **छ वाक्य**मा कुनै डरलाग्दो घटनाको वर्णन गर्नुहोस् ।

(ख) तलको अनुच्छेदका वाक्यहरूलाई **सङ्गति मिलाई पुनर्लेखन** गर्नुहोस् :
बगैँचामा फूलहरू रोपिएको छ । यहाँ बस्नका लागि ठाउँहरू पनि बनाइएको छ । साँझ बिहान त्यहाँ मानिसहरू डुल्न जान्छ । सानो बहिनी पनि त्यहाँ जान मन गर्छ । मेरो आमा त त्यहाँ गएर धेरै समयसम्म बस्छे । तँ के त्यहाँ गएका छौ ?

८. कुनै **दुई** प्रश्नको उत्तर दिनुहोस् : २x४=८

(क) तलका **जटिल वाक्य**हरुलाई **आठओटा सरल वाक्य**मा छुट्ट्याउनुहोस् :
तिमी डाक्टर बन्न चाहन्छौ भने विज्ञान विषय लिएर पढ । जब तिमी डाक्टर बन्छौ तब तिमी आफ्नो नाम राख्न सफल हुन्छौ । डाक्टरी पेसाबाट जीवन राम्ररी चलाउन सकिन्छ र समाजका दीनदु:खीहरूको पनि सेवा गर्न सकिन्छ । तिमी असल डाक्टर बन्ने प्रयत्न गर किनभने तिमी डाक्टर हुनुको अर्थ रहनुपर्छ ।

(ख) तलका वाक्यहरूलाई **करण** भए **अकरण** र **अकरण** भए **करण**मा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :
अखिलेशको मद्यपान गर्ने बानी छ । उसले जीवनको महत्त्व बुझेन । ऊ आमाबुबालाई आदर गर्दैन । ऊ अलग भएर बस्न चाहन्छ । उसले आमाबाबुप्रतिको कर्तव्य पूरा गरेन । उसले

क्रमश:

असल छोरो बन्ने अवसर गुमायो । उसले छोरो हुनुको कर्तव्य निभाएन । उसले आफ्ना बारेमा अरूलाई बोल्ने मौका दियो ।

(ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा **संश्लेषण** गर्नुहोस् :

सहरका बिचमा एउटा ठुलो चउर छ । चउरमा केटाकेटीहरू खेलिरहेका हुन्छन् । चउरमा प्रौढहरू व्यायाम गरिरहेका हुन्छन् । चउर सबैको साझा सम्पत्ति हो ।

९. तलका अनुच्छेदहरू पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : १०

पृथ्वीको तापक्रम बढ्दा हिउँ पग्लिने छ । यसरी हिउँ पग्लेको पानी सागर महासागरमा थपिन जाने छ र सामुद्रिक पानीको सतह बढ्ने छ । यसबाट एसियाको बङ्गालको खाडी, अफ्रिकाको नाइल नदीको खेती योग्य भूमि, युरोपको इटालियन व्यापारिक केन्द्र भेनिस, दक्षिण अमेरिकाको ब्राजिलमा अवस्थित मनोरञ्जन स्थल रियो दि जेनेरियो जस्ता सामुद्रिक तटका जमिनहरू डुब्ने छन् । साथै मालदिभ्स जस्ता ससाना टापु भएका देशहरूको अस्तित्व नै समाप्त हुने छ । अर्कातर्फ बाँध, नहर, कुलो आदि भत्किएर खाने पानीमा सामुद्रिक नुनिलो पानी मिसिन गई खाने पानीको ठूलो सङ्कट हुने छ ।

जीवहरू तापक्रमसित निकै सम्बन्धित हुन्छन् । तापक्रम घट्ने तथा बढ्ने क्रमको प्रभाव जीवहरूका भौतिक प्रक्रियामा पनि पर्छ । तीव्र गतिमा बदलिएको हावापानीमा जीवहरूका भौतिक प्रक्रियाहरू मिल्न सक्दैनन् । त्यसैले जीवहरू लोप हुने क्रम तीव्र गतिमा बढेको छ । जस्तै: कोस्टारिकाको स्थानीय क्षेत्रमा पाइने लगभग ४० प्रतिशत उभयचरहरू सधैँका लागि लोप भएका छन् । मेक्सिकोको जङ्गलबाट एदिथको चेकस्पोट नामको पुतलीको झुण्ड नै हराएको छ र त्यो क्यानडाको जङ्गलभित्र फेला परेको छ । दक्षिण अमेरिकाको कोलम्बियामा मलेरिया रोगका वाहक लामखुट्टेहरू २,२०० मिटरसम्म उचाइ भएका स्थानहरूमा समेत देखा पर्न थालेका छन् । ती लामखुट्टे प्राय: १००० मिटरभन्दा माथिको उचाइमा बाँच्न सक्दैनन् । यसै गरी नेपालका पहाडी भेगहरूमा हिजोआज लामखुट्टे देखा परेको चर्चा सुन्न पाइन्छ । विभिन्न फूलहरू समयभन्दा पहिल्यै फुल्न थालेको अनुभव वनस्पति विज्ञ बताउँछन् । यी सबै परिणामहरू सजीवहरूले बाँच्नका लागि उपयुक्त ठाउँ खोज्ने क्रमका प्रतिफल हुन् । त्यसैले पृथ्वी तात्नाले सजीवहरू आफ्नो वंश जोगाउन ठुलो सङ्कटको सामना गर्दै उपयुक्त वासस्थानको खोजीमा छन् ।

**प्रश्नहरू :**

(क) सामुद्रिक पानीको सतह कसरी बढ्ने छ ?

(ख) खाने पानीको सङ्कट हुने कारण के हुन सक्छ ?

(ग) जीवहरूका भौतिक प्रक्रियाहरूलाई केले असर पार्छ ?

(घ) सजीवहरू किन उपयुक्त वासस्थानको खोजीमा भौँतारिएका हुन् ?

(ङ) 'सामुद्रिक' र 'सङ्कट' शब्दको अर्थ लेख्नुहोस् ।

**क्रमश:**

१०. तलको अनुच्छेदलाई एकतृतीयांशमा **सङ्क्षेपीकरण** गर्नुहोस् : ५

प्राचीन समयदेखि नै पुच्छ्रेतारालाई पृथ्वी र पृथ्वीवासीहरूमा आउने अनिष्टताका पूर्व सूचक र विपत्तिका द्योतक आकाशीय पिण्डका रूपमा हेर्ने गरिएको पाइन्छ । यो अवधारणा अझै पनि विभिन्न समाजमा विद्यमान छ । विश्वमा धेरै अगिदेखि नै मानवले पुच्छ्रेताराहरूको अवलोकन गर्दै आइरहेको ज्ञात भए तापनि सन् १७०५ मा हेलीको बृहत् अनुसन्धानको परिणामस्वरुप नै पुच्छ्रेताराहरू अनिष्टताका पूर्व सूचक होइनन् र यिनीहरू पनि सौर मण्डलमा अवस्थित अन्य पिण्डहरूजस्तै सामान्य पिण्ड छन्, त्यसैले सूर्यलाई एउटा निश्चित अवधिमा परिभ्रमण गर्ने पिण्डहरूका रूपमा पुछ्रेतारालाई लिन थालियो । यसरी पुच्छ्रेताराका बारेमा जे-जस्ता अनुश्रुतिहरू रहेका भए पनि वैज्ञानिक विकासको क्रमसँगै यी भनाइहरू अन्धविश्वासमा परिणत भइसकेका छन् । वास्तवमा पुच्छ्रेतारा कुनै विशिष्ट आकार नभएको हिमकण एवम् विविध ग्याँसहरू तथा अवाष्पशील पदार्थहरूका ठोस कणहरूको समूहद्वारा संरचित एउटा फोहोर हिमपिण्ड नै हो भन्ने तथ्य प्रमाणित भइसकेको छ । आफ्नो कक्षमा परिभ्रमण गर्ने क्रममा सूर्यदेखि निकै दूरीमा रहँदा ब्रह्माण्डको शून्यताको चिसोमा जमेको पुच्छ्रेतारा शिर र पुच्छरविहीन प्रकाशयुक्त एउटा जगमगाउँदो बिन्दुका रुपमा देखिन्छ । तर सूर्यको समीपमा आइपुग्दा यसको सतह तात्न पुगी यसमा निहित हिमराशि, ग्याँसहरू एवम् विद्युतीय कणहरू वाष्पका रूपमा पग्लन्छन् । त्यसपछि यसको शिर मात्र दृष्टिगोचर हुन थाल्दछ र सूर्यको विकिरण र सौर आँधीका चापले गर्दा वाष्पित हिमकण तथा ग्याँसहरू सूर्यको विपरीत दिशातिर फैलिन थाल्दछन् ।

११. कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : ५

(क) आफ्नो घरमा बिजुलीको लाइन जडान गरिदिन अनुरोध गर्दै स्थानीय विद्युत् प्राधिकरण कार्यालयलाई सम्बोधन गरी एउटा **निवेदन** लेख्नुहोस् । (मानौं: तपाईंको नाम किरण हो ।)

(ख) हालसालै बजारमा आएको स्वदेशमै उत्पादित टुथपेष्टको प्रचार प्रसारका लागि उत्पादकका तर्फबाट गरिने **विज्ञापनको नमूना** तयार पार्नुहोस् ।

१२. आफ्नो विद्यालयले आयोजना गरेको कुनै शिक्षण अस्पतालको विज्ञान प्रयोगशालाको अवलोकन भ्रमण कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा **प्रतिवेदन** लेख्नुहोस् । ५
(मानौं: तपाईंको नाम किरण हो र तपाईंको विद्यालयको नाम सरस्वती मा. वि. हो ।)

**अथवा**

'इन्टरनेटको उपयोगिता' विषयमा १५० शब्दसम्मको **टिप्पणी** लेख्नुहोस् ।

१३. तल दिइएका मध्ये कुनै **एक** विषयमा २५० शब्दसम्मको **निबन्ध** लेख्नुहोस् : १०

(क) मलाई मनपर्ने वैज्ञानिक

(ख) नेपालमा कम्प्युटरको बढ्दो प्रयोग

(ग) डाक्टरी पेसाको गरिमा र महत्त्व

**क्रमश:**

१४. 'बौलाहा काजीको सपना' नाटकको तल दिइएको अंश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् । २x५=१०

अँ, पहिले पैसा नभए माग्नु पर्थ्यो । मागेर पनि कसैले सोझो मुखले नदिएको भए, यतिका सहरका घरहरू छँदै थिए नि, घनले ठोकेर, ताल्चा फोरेर, खोसेर, चोरेर भए पनि ल्याउनुपर्थ्यो । एउटा ज्यान मारेर ज्यानमारा बनिरहनु सट्टामा त चोर हुनु हजार गुना बेस । हामी ज्यान मारा हौँ, ज्यानमारा । किन चोरेनौँ ? किन लुटेनौँ ? चुप लाग, अब रोएर छाती फोडे पनि के ? जो बित्यो । त्यो गयो, त्यो गयो ! ...

**प्रश्नहरू :**

(क) माथिको नाट्यांशले कसको मृत्यु भएका कुराको सङ्केत गरेको छ ? उसको मृत्यु कसरी भएको हो ? स्पष्ट पार्नुहोस् ।

(ख) "एउटा ज्यान मारेर ज्यानमारा बनिरहनु सट्टामा त चोर हुनु हजार गुना बेस ।" यस भनाइप्रति तपाईंको प्रतिक्रिया लेख्नुहोस् ।

१५. कुनै **दुई** प्रश्नको उत्तर दिनुहोस् : २x५=१०

(क) तलको **कवितांश** पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

आजको सत्तारूढ तिमी
शताब्दी शताब्दी अगि
झगडालु, ईर्ष्यालु वन मानुष तिमीलाई
माया र सहअस्तित्वको अँगालोमा बाँधी
आफ्नो ओडारको छानुमुनि भित्र्याएकी थिएँ
जसरी आज तिमी
दाइजोको लावालस्करसँग घुम्टोभित्र लुकाई
पशुलाई जस्तै रुवाउँदै भित्र्याउने गर्छौ ।

**प्रश्नहरू :**

(अ) 'आजको सत्तारूढ तिमी' ले के कुराको सङ्केत गरेको छ ?

(आ) उहिले 'तिमी' को के कस्तो स्वभावको चित्रण गरिएको छ ?

(इ) 'माया र सहअस्तित्वको अँगालोमा बाँधी' भन्नुको तात्पर्य के हो ?

(ई) 'पशुलाई जस्तै रुवाउँदै भित्र्याउने गर्छौ' भन्ने भनाइमा नारीको कस्तो अवस्थालाई बुझाउन खोजिएको छ ?

(उ) यस कवितांशको मूल भाव के हो ?

(ख) तल दिइएको **कथांश** पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

यस्तै हो, मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि

**क्रमशः**

कहिलेकाहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छाड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ। अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटोको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ।

**प्रश्नहरु :**

(अ) यो भनाइ कसको हो ?

(आ) 'एउटै सिरान गरेर सुतेपछि कहिले काहीँ गोडा लाग्छ नाइँ' भन्नुको तात्पर्य के हो ?

(इ) झगडा भो भन्दैमा किन धर्म छाड्नु हुन्न ?

(ई) 'संसार भरैभरमा अडेको छ' यस भनाइको आशय के हो ?

(उ) माथिको भनाइ कुन सन्दर्भमा आएको हो ?

(ग) तल दिइएको **निबन्धांश** पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

एक केजी मासु उत्पादन गर्न १० केजी शाकाहारी भोजन खपत हुन्छ अर्थात् एक धनी मांसाहारीले १० गरिब शाकाहारीको खाना हसुर्छ। धनी र सम्पन्न वर्गकै इन्धन, ऊर्जा र आहारामा गरिबहरूले पिल्सिनु पर्ने र भोकमरी बेहोर्नुपर्ने स्थिति खडा भएको छ। यसको दोष भूमण्डलीय उष्णता (ग्लोबल वार्मिङ) मा थोपर्ने प्रवृत्ति पनि छ। जे होस् , भोलिको सङ्घर्ष भोकमा आधारित हुने कुरामा यत्तिकै नर्कान मिल्दैन। क्यामरुन, सेनेगल, मौरिटानिया, हाइटी, इन्डोनेसियामा भोकबाट क्रान्तिले जन्म लिन थालेको तथ्य समाचारमा सुनिसकेका छौँ।

**प्रश्नहरू :**

(अ) मांसाहारी भोजन कसरी महँगो हुन्छ ?

(आ) गरिबहरू के कारणले भोकमरी बेहोर्नुपर्ने अवस्थामा पुग्दछन् ?

(इ) भोलिको सङ्घर्ष भोकमा आधारित हुनेछ भन्नुको कारण के हो ?

(ई) भूमण्डालीय उष्णता (ग्लोबल वार्मिङ) भन्नाले के बुझिन्छ ?

(उ) यस निबन्धांशको मूल आशय के हो ?

१६. 'समुद्रपारिका नारीहरूलाई साथी बनाउन बरु सजिलो होला तर आफ्नो सहर, गाउँ, टोल र छिमेकका आइमाईलाई साथी बनाउन हामीलाई गाह्रो पर्छ' यस भनाइप्रति तर्क दिएर आफ्नो प्रतिक्रिया लेख्नुहोस्। ५

-0-